


NAMASTE


NAMASTE


NAMASTE

# वार्षिक समिक्षा कार्यक्रम

मितिः २०७९/०८/०९

## नार्पा भूमि गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### च्याँखु, मनाङ

### गण्डकी प्रदेश, नेपाल

# आधारभूत तथा स्थानीय तहको अवस्था

## स्थानीय तहबाट हालसम्म जारी भएका कानुन (ऐन, नियम, कार्यविधि र मापदण्ड)

| क्र.सं. | साल | ऐन | नियम, कार्यविधि र मापदण्ड | राजपत्रमा प्रकाशन |
|---|---|---|---|---|
| १. | २०७४ | २ | ५ | ७ |
| २. | २०७५ | ३ | ५ | ८ |
| ३. | २०७६ | ७ | ७ | १४ |
| ४. | २०७७ | २ | २ | ० |
| ५. | २०७८ | ३ | ५ | ० |
| ६ | २०७९ | २ | ० | ० |
| | जम्मा | १६ | १९ | ३१ |

# आ.व. ०७८।७९ को वित्तिय व्यवस्था

| क्र सं | खर्च शिर्षक | निकाशा | खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता | ३६७७८९०।०० | ३६७७८९०।०० | १०० | |
| २ | नेपाल सरकार समानीकरण अनुदान चालु | ५९५००००।०० | ३१७८७०३।०३ | ५३।४२ | |
| ३ | नेपाल सरकार समपुरक अनुदान पुँजीगत | ६२४५००००।०० | ५१९७०५३५।७५ | ८३।२१ | |
| ४ | नेपाल सरकार शसर्त अनुदान चालु | ३०३१८०००।०० | ११९७९३९१।६२ | ३९।५१ | |
| ५ | नेपाल सरकार शसर्त अनुदान पुँजीगत | ७१००००००।०० | ० | ० | |
| ६ | नेपाल सरकार विशेष अनुदान | १३३०००००।०० | ११२८०७७७।१८ | ८४।८१ | |
| ७ | गण्डकी प्रदेश समानीकरण अनुदान नगद | २५००००००।०० | ९६००००।०० | ३८।४ | |
| ८ | गण्डकी प्रदेश शसर्त अनुदान पुजीगत | ० | ० | ० | |
| ९ | गण्डकी प्रदेश विशेष अनुदान | ५००००००।०० | ४७९९७२२।९४ | ९५।९९ | |
| १० | राजश्व बाँडफाँट संघीय सरकार | ३६१५६०००।०० | २२९१०११२।५८ | ६३।३६ | |
| ११ | आन्तरीक श्रोत | ६५५५०३३०।८९ | ५००३६७०।७४ | ७।६३ | बाँकी रकम आ.व. २०७८।०७९ बाट अल्या गरिएको |
| | नोट : | | | | |

# आ.व. २०७८।७९ मा प्रदेश र स्थानीय तहबीच राजश्व बाँडफाँट

- कुनैपनी राजश्व बाडफाँट नगरेको ।

# गत आ.व. को कार्यपालिका तथा सभाको बैठक संख्या

- सभाको बैठक जम्मा: २
- कार्यपालिका बैठक जम्मा: १६

# क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.ब.२०७८/०७९)

- गाउँपालिका राष्ट्रिय सडक सञ्जालमा नजोडिएको हुदाँ गाउँपालिका क्षेत्रभित्र गोरेटो बाटो विस्तारका कार्य भईरहेको छ ।
- प्रदेश सरकारबाट विभिन्न आ.व. मा कोतो- छ्याछ्या - हुलाकीओडार -मेता - च्याँखु सडक खण्डको लागि बजेट विनियोजन भएपनि कार्य थालनी हुन नसकेको ।
- साना स्तरका खोलानाला भएको भएतापनि केहि स्थानहरुमा नदी कटानबाट जोगाउन २ खोलाहरुका तटवन्धको कार्य सम्पन्न गरिएको छ ।
- लघु जलविद्युत नार गाउँ (४५ कि.वा) र फू (३५ कि.वा) गाउँमा संचालनमा रहेका छन । जसबाट जनताहरुको विद्युत माग पुरा गर्नुपर्ने अवस्था छ । नार गाउँको विद्युतलाई च्याँखु र क्याङसम्म विस्तारको काम हुँदैछ, साथै मेता गाउँमा विद्युत विस्तार कार्य सम्पन्न भएको छ ।

# क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.ब.२०७८/०७९

- न्युन जनघनत्वका कारण विद्यार्थीको उपस्थिति कम रहनु स्वभाविक नै हो । विद्यालयको पहुँच टाढा रहेका कारण आवासीय विद्यालयको आवश्यकता रहेकोले फू गाउँमा प्रदेश सरकारको सहयोगमा एउटा आवासीय विद्यालय निर्माणको लागि ठेक्का प्रकृया मार्फत कार्य सम्पन्न भएको छ ।
- सार्वजनिक, सरकारी एवं पर्ति जग्गा अतिक्रमणको समस्या रहेको छैन ।

# कार्यालय भवनको पर्याप्तता

- गाउँपालिका केन्द्र च्याखुँमा कार्यालय भवन र आवासीय भवन निर्माण भएको छ । जसमा बैंक, प्रहरी लगायतका कार्यालयहरु संचालन गर्नुपर्दा कार्यालय भवन अपर्याप्त नै रहेको छ ।
- गाउँपालिकामा टेलिकमको टावर नटिप्ने समस्या विद्यमान छ भने इन्टरनेटको पहुँच पुग्न सकेको थिएन । तर हालमा ग्रामिण दुरसंचार विकास कोष अन्तर्गत टेकमाईण्डस नेटवर्क प्रा.लि.ले ताररहित इन्टरनेट सुविधा पुऱ्याएको भएतापनी दिगोपनाको समस्या कायमै छ ।
- गाउँपालिकामा कुल २९ जना कर्मचारीको दरवन्दी रहेको छ । जसमा अधिकृत स्तर ६ जना र सहायक स्तरका कर्मचारीहरुको दरबन्दी २३ जना रहेको छ,जसमध्ये अधिकृत स्तरमा १ जना र सहायक स्तरमा १० पद मात्र पदपूर्ति भएको छ भने विषयगत शाखाहरुः कृषि, पशु, स्वास्थ्य शाखामा कर्मचारीको अभाव कायमै छ ।
- मनाङ जिल्लाकै अति दुर्गम स्थानको गाउँपालिका रहेकोले कर्मचारीको आर्कषण कम रहदा सरुवा हुने कारण प्रशासनिक पदहरु पनि खालि हुने क्रम निरन्तर रहेको छ, जसले वडा कार्यालयमा समेत प्राविधिक कर्मचारीले कार्य सम्पादन गर्नुपर्ने हुँदा दोहोरो जिम्मेवारी दिनुपर्ने समस्या छ ।

# स्थानीय तह अर्न्तगत गठित समितिहरु

- स्थानीय अनुगमन समिति
- राजश्व परामर्श समिति
- श्रोत अनुमान तथा बजेट निर्धारण समिति
- कार्यक्रम समिति
- न्यायिक समिति
- विपद व्यवस्थापन समिति
- विधायन समिति
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- आर्थिक विकास समिति
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- वातावरण व्यवस्थापन समिति

# विकास तथा पूँजिगत बजेटबाट कार्यन्यवन भएको योजनाहरु

- गाउँपालिका केन्द्रका १३ योजनाहरु संचालन भएका थिए ।
- वडास्तरीय ३२ योजनाहरु संचालन भएका थिए ।
- संघीय सरकार विशेष अनुदान कोष अन्तर्गत २ वटा योजनाहरु संचालन भएका थिए ।
- गण्डकी प्रदेश विशेष अनुदान कोष अन्तर्गत १ वटा योजना संचालन भएको थियो ।
- गण्डकी प्रदेश सरकार समपुरक कोष अन्तर्गत १ वटा योजना संचालन भएका थियो ।
- आ.व. २०७७।०७८ को अन्तिम सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो ।
- विषयगत शाखाका बजेट अनुसारका विभिन्न योजनाहरु कार्यान्वयन भएका थिए ।

# सामाजिक सुरक्षा अनुदान सम्वन्धी विवरण

- जेष्ठ नागरिक: ५२ जना
- अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति: १० जना
- असहाय एकल महिला: ३० जना
- अपाङ्गता भएका व्यक्ति: १ जना
- जम्मा ९३ जना लाभग्राहीहरु सामाजिक सुरक्षा भत्ता पाईरहेका छन् भने आ.व. २०७७/०७८ देखि बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण भइरहेको छ ।

# पारदर्शिता तथा गुनासो व्यवस्थापन

- कार्य सञ्चालनको लागि पेश्की लिने गरेतापनि कार्यसम्पादन पश्चात पेश्की फछ्र्यौट गर्ने गरिएको छ । दोहोरो पेश्कीलाई निरुत्साहित गरिएको छ ।
- गाँउपालिका तथा ५ वटै वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ ।
- गाउँपालिका केन्द्रमा सूचना अधिकारी तोकी सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाईएको छ ।
- आ.व. २०७८/०७९ को आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ ।

# आर्थिक वर्ष ०७८/०७९ मा सम्पादित उल्लेखनीय कार्यहरु

- ५ वटै वडा कार्यालयहरु, २ स्वास्थ्य चौकीहरु तथा गाँउपालिका केन्द्र कार्यालयमा इन्टरनेटको पहुँच पुगेको छ ।
- बैङ्किङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।
- गाँउपालिका कार्यालयमा आन्तरिक सञ्जालिकरण(Computer Networking) कार्य सम्पन्न गरिएको छ ।

# असल अभ्यासहरू

- गा.पा.को सम्पूर्ण लेखा सम्वन्धी कार्य अनलाईन प्रणाली मार्फत सञ्चालन गरिएको छ ।
- हिमाली क्षेत्रमा एकीकृत बस्ती विकासका लागि क्याङ र च्याँखु गुरुयोजना निर्माण गरी आवश्यक कार्य अगाडि बढाइएको छ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित आयोजनाहरुको पालिका स्तरीय अनुगमन गरी मात्र भुक्तानी दिने व्यवस्था मिलाइएको छ ।
- नार्पा भूमि गाउँपालिका वडा नं ४ र ५ फू गाँउको उभिमा जिम्बु खेतिलाई व्यवसायीकरण गर्ने उद्देश्यका साथ गैरसरकारी संस्था, हिमाली जोशसंगको सहकार्यमा जिम्बु खेतिको प्रवर्द्धन एवं व्यवसायीकरण गरिएको ।
- गाउँपालिका केन्द्र, च्याँखुमा १ लाख विरुवा बृक्षारोपण अभियान अन्तर्गत १ हजार विरुवा बृक्षारोपण गरी वातावरणमैत्री कार्यको सुरुवात गरिएको छ ।

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्याहरु

- सडकको पहुँच नभएकोले जिल्ला सदरमुकाम चामेबाट गा.पा. सम्म आवतजावत गर्न करिब २ दिनको समय लाग्ने,
- गा.पा. केन्द्रमा मोबाईल तथा लेन्डलाईन फोन नेटवर्कको समस्या विदितै,
- केन्द्रिय प्रशारण लाईन नपुगेकोले विद्युत आपूर्ति प्रर्याप्त नभएको,
- अत्यधिक चिसोका कारण काम गर्न कठिनाई कायमै रहेको,
- जडिबुटि संकलन मार्फत प्राप्त हुने राजश्व स्थानीय तहको मातहत ल्याउन नसकेको,
- आकस्मिक रुपमा गम्भिर बिमारी परेकाहरुलाई तत्काल उपचारका लागि अस्पताल लैजान निकै चुनौतिपूर्ण रहेको,

# नार्पा भूमि गाउँपालिकाको चालु आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम

- आर्थिक वर्ष २०७९।०८० मा रु २१,९२,८८,०००।०० (अक्षरुपि एकाइस करोड बयान्नब्बे लाख अठासी हजार रुपैंया मात्र) विनियोजन भएको छ।
- कूल विनियोजित बजेट मध्ये चालु खर्च तर्फ ५,८५,९३,०००।०० (अक्षरुपि पाँच करोड पचासी लाख त्रियान्नब्बे हजार रुपैंया मात्र) र पूजीगत खर्च तर्फ १६,०६,९५,०००।०० (अक्षरुपि सोह्र करोड छ लाख पंचान्नब्बे हजार रुपैंया मात्र) रहेको छ ।

# आय तर्फ

| क.सं. | स्रोतहरु | रकम रु |
|---|---|---|
| १ | संघिय सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान | ७१७००००० |
| २ | संघिय सरकारबाट प्राप्त हुने सशर्त अनुदान | ४२२००००० |
| ३ | संघिय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट | ४३७९९००० |
| ४ | प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान | २५८४००० |
| ५ | संघिय सरकार विशेष अनुदान | २१०००००० |
| ६ | संघिय सरकार समपुरक कोष | ७५००००० |
| ७ | प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाट | ३४५००० |
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान | ४०००००० |
| ९ | अन्तरिक श्रोत परिचालन | ८०००००० |
| १० | संचित कोषमा मौज्दात | १९२३५००० |
| ११ | प्रदेश सरकार विशेष अनुदान | ६०००००० |
| १२ | मालपोत र अन्य रजिष्टेसन | १२५००० |
| | **जम्मा आय** | **२१९२८८०००** |

अन्य :

# आ.व. २०७८/०७९ मा सम्पन्न केही योजना तथा कार्यक्रमहरुका तस्विरहरु :

# गाउँपालिकाको भवन





# गाँउपालिका केन्द्रमा निर्माण गरिएको  बुद्ध पार्क



# नयाँ फू सामुदायीक गुम्वा निर्माण



# मेतामा सामुदायिक भवन निर्माण





# गा.पा. केन्द्रमा प्रहरी घर निर्माण





# फू मा विद्यालय भवन निर्माण



# गा.पा. क्षेत्रभित्र Green House टनेल निर्माण



# क्याङ भिरमा गोरेटो बाटो निर्माणको काम अगाडी बढाउँदै






# पालिका १००० रुख वृक्षारोपण कार्य






# नार स्वास्थ्य चौकी भवन निर्माण





# फू स्वास्थ्य चौकी भवन निर्माण





# जिम्बु खेति









# ANY QUESTIONS OR COMMENTS…

# प्रस्तुतकर्ता

# महेश पाख्रिन

## नि. प्रमुख प्रशासकीय अधिकृत

## नार्पा भूमि गाँउपालिका



THANK YOU!

